निर्णय उतार

निर्वाचन आयोग, नेपाल

बैठक सङ्ख्या ११५
प्रस्ताव दर्ता नं. ३२९/२०८२

मितिः २०८२/१०/०२

विषय : अद्यावधिक सम्बन्धमा।

आयोगको बैठक सङ्ख्या ११५/२०८२ मिति २०८२/१०/०२ मा बसेको बैठकमा प्रस्तुत प्रस्ताव नं.३२९ पेश हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**आयोगको निर्णय**

नेपाली काँग्रेसको मिति २०८२।१०।१ गतेको पत्रबाट संवत् २०८२ पौष २७ देखि ३० मा भएको केन्द्रीय विशेष महाधिवेशनबाट दलको विवरण हेरफेर भएकोले विवरण अद्यावधिक गर्नको लागि १३४ सदस्यीय विशेष केन्द्रीय महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय कार्य समितिको विवरण प्रमुख पदाधिकारी गगनकुमार थापाले हस्ताक्षर गरी अद्यावधिकका लागि पठाएको देखिन्छ। नेपाली काँग्रेसको च.न. १२६ मिति २०८२ मंसीर २१ को पत्रबाट १४ औ महाधिवेशन २०७८ मंसिर १४ देखि २८ गतेसम्म काठमाण्डौमा सम्पन्न भएको र पार्टीको विधानअनुसार पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरुको अवधि २०८२ मंसिर २३ गतेसम्म कायम रहेको र देशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमका कारण २०८२ मंसिर २३ गतेभित्र पार्टीको १५औं महाधिवेशन गर्न सम्भव नभएकोले पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको पदावधि २०८२ माघ मसान्तसम्मका लागि थप गर्ने र केन्द्रीय महाधिवेशन २०८२ पौष २६ देखि २८ सम्म काठमाण्डौमा गर्ने भनी लेखी आएको देखिन्छ। साथै नेपाली काँग्रेसको च.न. १५९ मिति २०८२ पौष २१ को पत्रबाट १५औं महाधिवेशनको सबै प्रक्रिया अघि बढिरहेको र निर्वाचनमा केन्द्रित हुनुपर्ने विशेष परिस्थितिमा केन्द्रीय कार्यसम्पादन समितिको बैठकले पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको पदावधि २०८३ जेष्ठ मसान्तसम्म थप गर्ने र केन्द्रीय महाधिवेशन २०८३ वैशाख २८ देखि ३१ सम्म काठमाण्डौमा गर्ने भनी लेखी आएको देखिन्छ।

मिति २०८२।६।२९ मा नेपाली काँग्रेसका कार्यवाहक सभापतिलाई संवोधन गरी पार्टीको नीति नेतृत्व र संरचनाबारे गहन छलफल र आत्मसमीक्षाका लागि केन्द्रीय कार्यसमितिको निर्णय अप्रयाप्त भएकोले विधानको धारा १७ (१) अनुसार मङ्सिर २३, २०८२ भित्र नियमित महाधिवेशन सम्पन्न गर्नुपर्ने र यदी यो सम्भव नभए धारा १७ (२) बमोजिम विशेष महाधिवेशन आव्हान गरी विषम परिस्थितिलाई संवोधन गर्न माग गर्दछौ भन्ने समेतको व्यहोरा उल्लेख गरी महाधिवेशन प्रतिनिधि गुरुराज घिमिरे समेतका २४८८ प्रतिनिधिहरूले हस्ताक्षर गरी विशेष महाधिवेशनको माग गरेको देखिन्छ।

त्यसैगरी मिति २०८२ पौष २३ मा विशेष परिस्थितिमा विधानको धारा १७ को उपधारा (२) बमोजिम विशेष महाधिवेशन आव्हान गर्न २४८८ जना अर्थात् ५४ दशमलव ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष कारण सहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको ३ महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय भएको र केन्द्रीय कार्य समितिले सो विशेष महाधिवेशन नबोलाएको हुँदा एउटा लोकतान्त्रिक पार्टीको जिम्मेवार पदाधिकारीको रूपमा

निर्वाचन आयोग नेपाल

हाम्रो वैधानिक र नैतिक दायित्व भएकोले मिति २०८२ पौष २६, २७ र २८ गते काठमाण्डौको भृकुटीमण्डपमा हुन गईरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित रूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिलाई हार्दिक आव्हान गर्दछौं भन्ने समेतको व्यहोराको महामन्त्रीद्धय गगनकुमार थापा र विश्वप्रकाश शर्माबाट हस्ताक्षर गरी विशेष केन्द्रीय महाधिवेशनको आव्हान भएको देखिन्छ।

त्यसैगरी मिति २०८२ पुष २९ मा नेपाली काङग्रेसको च.न. १६३ को पत्रबाट नेपाली काँग्रेसको नाममा काठमाण्डौमा विशेष महाधिवेशन भएको भनी विभिन्न सञ्चारमाध्यममा आएकोले पौष २६ देखि २८ सम्म त्यस्तो कार्यक्रम नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिको औपचारिक कार्यक्रम नभएको नगरेको भनी लेखी आएको देखिन्छ।

सो सम्बन्धी कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको धारा २६९ को उपधारा (४) को खण्ड (क) मा राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १६ मा दलको सङ्घीय तहमा रहने केन्द्रीय समिति तथा प्रदेश तहमा रहने प्रदेश समितिमा प्रत्येक पदाधिकारीको निर्वाचन दलको विधानमा व्यवस्था भए बमोजिम हुने र निर्वाचित केन्द्रीय समिति र प्रदेश समितिको विवरण निर्वाचन भएको मितिले तीस दिनभित्र आयोगमा उपलव्ध गराउनुपर्ने व्यवस्था रहेको देखिन्छ। ऐ. ऐनको दफा ५१ मा दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन पदाधिकारीको हेरफेरका विषयको जानकारी तीसदिन भित्र आयोगलाई दिनुपर्नेछ र सो जानकारी प्राप्त भएपछि आयोगले तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम कारवाही संविधान, ऐन वा नियम र दलको विधान बमोजिम भए गरेको पाईएमा नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हको हकमा त्यसको अभिलेख राख्नुपर्नेछ र पदाधिकारी हेरफेर भएको भए अध्यावधिक गरी राख्नुपर्नेछ। दलले दिएको जानकारी पदाधकारीको हेरफेरसंग सम्बन्धित भए आयोगले दल दर्ता किताबमा सम्बन्धित दलको विवरणमा सोही बमोजिम हेरफेर गरी अद्यावधिक गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

नेपाली काँग्रेसको विधान, २०१७ को धारा १५ मा केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकारसम्पन्न निकाय हुनेछ र केन्द्रीय महाधिवेशनले केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ भन्ने समेतको व्यवस्था रहेको देखिन्छ। विधानको धारा ४३ मा पार्टीका सबै तह र निकायका पदाधिकारी र सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

विधानको धारा १७ को उपधारा (१) मा पार्टीको केन्द्रीय महाधिवेशन प्रत्येक ४ वर्षमा हुने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी धारा १७ को उपधारा (२) मा केन्द्रीय कार्यसमितिले आवाश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी विधानको धारा ३ को खण्ड (१२)

मा केन्द्र भनेको केन्द्रीय समिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझिनेछ भन्ने प्रावधान रहेको छ। सोही विधानको धारा २७ को उपधारा (१) मा नेपाली काँग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ र महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

उल्लिखित तथ्य एवं कानूनी व्यवस्था एवम् फाईलसंलग्न कागजात अध्ययन तथा जाँचबुझ गरी हेर्दा नेपाली काँग्रेस नामक राजनीतिक दलको संवत् २०८२ साल पौष २७ देखि ३० गतेसम्म विशेष केन्द्रीय महाधिवेशन भएको हो होईन ? विशेष केन्द्रीय महाधिवेशन दलको विधान सम्मत छ छैन? र विशेष केन्द्रीय महाधिवेशनबाट दलको केन्द्रीय कार्य समितिमा भएको परिर्वतनको विवरण राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्नुपर्ने हो होईन? भन्ने विषयमा निर्क्यौलमा पुग्नुपर्ने देखियो।

नेपाली काँग्रेस नामक राजनीतिक दलको १४ औं महाधिवेशन २०७८ मंसिर २४ देखि २८ गतेसम्म काठमाण्डौमा सम्पन्न भएको र उक्त पार्टीको विधान अनुसार पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरूको चारवर्षे अवधि २०८२ मंसिर २३ गतेसम्म मात्र कायम रहेको देखिन्छ। विधानको धारा ४३ बमोजिम असाधारणस्थिति देखाउँदै पहिलोपटक २०८२ माघ मसान्तसम्म र दोस्रोपटक २०८३ जेष्ठ मसान्तसम्म दलको सबै तहका समितिको पदाधिकारी एवम् सदस्यहरूको पदावधि थप गरेको पाईयो। कस्तो अवस्थालाई असाधारणस्थिति मान्ने भन्ने सम्बन्धमा दलको विधानमा कहींकतै परिभाषीत गरेको देखिँदैन। विधानको धारा १७ को उपधारा (२) मा केन्द्रीय महाधिवेशनका चालीसप्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिना भित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ भन्ने व्यवस्था बमोजिम केन्द्रीय महाधिवेशन प्रतिनिधि गुरुराज घिमिरे सहितका चालीस प्रतिशत भन्दा बढी सदस्यहरूले विशेष केन्द्रीय महाधिवेशन बोलाउन आधार र कारण सहित निवेदन दिएको देखियो। केन्द्रीय कार्य समितिले सो विशेष महाधिवेशन नबोलाएको अबस्थामा केन्द्रीय समितिका जिम्मेवार पदाधिकारीहरू महामन्त्रीद्धयले मिति २०८२ पौष २३ मा संवत् २०८२ पौष २७ र २८ मा विशेष महाधिवेशन आव्हान गरेको पाईयो। विधानको धारा २७ को उपधारा (१) मा नेपाली काँग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ र महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ भन्ने व्यवस्था रहेको देखिंदा केन्द्रीय समितिका जिम्मेवार पदाधिकारी महामन्त्रीहरूले आव्हान गरेको विशेष महाधिवेशनलाई अन्यथा भन्न मिल्ने देखिँदैन। विधानको धारा १५ मा केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ र केन्द्रीय महाधिवेशनले केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ भन्ने समेतको व्यवस्था रहेको देखिँदा केन्द्रीय विशेष महाधिवेशनले केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गरी चयन गरेको विषयलाई अनदेखा गरी नेपाली काँग्रेसको विशेष महाधिवेशन भएको होईन भन्न मिल्ने देखिँदैन।

राजनीतिक दलको विधान लोकतान्त्रिक हुनुपर्दछ भन्ने संवैधानिक एवम् कानूनी व्यवस्था रहेको र नेपाली काँग्रेसको विधानको प्रस्तावना र धारा २ को उपधारा (१) मा लोकतन्त्रलाई आदर्शको रूपमा

मानी विधानमा उल्लेख भएको देखिन्छ। लोकतान्त्रिक मूल्यमान्यता भनेको शब्दमा मात्र सीमित रहने कुरा नभई दलको व्यवहारमा पनि रूपान्तरण भई त्यसको कार्यान्वयन पनि लोकतान्त्रिक तवरबाट भएको देखिनु पर्दछ। दलको विधान अनुरूप सर्वोच्च अधिकार सम्पन्न निकाय भनेको महाधिवेशन हो र महाधिवेशनले नै दलको केन्द्रीय कार्यकारिणी समिति चयन गर्ने हो। महाधिवेशनबाट चयन भएको केन्द्रीय समितिले महाधिवेशनको मागलाई अनदेखा गरी नियन्त्रण गर्न खोजेको देखिनु लोकतान्त्रिक मान्यता अनुरूप भए गरेको मात्र मिल्ने देखिँदैन। तसर्थ नेपाली काँग्रेसको विधान अनुरूप महाधिवेशन सर्वोच्च निकाय भएकोले वहुसंख्यक महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन आव्हान गरी विधिसम्मत तवरबाट केन्द्रीय कार्यकारिणी समितिको नेतृत्व छनोट गरी साधिकार निकायमा अद्यावधिकका लागि पठाएको विषय नेपालको संविधान, राजनितिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ र दलको विधानसम्मत भएगरेको देखिन्छ। ऐ. ऐनको दफा ५१ बमोजिम अद्यावधिकको लागि पेश हुन आएको निवेदनको सन्दर्भमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ बमोजिमको विवादको निरूपण र विवाद निरूपण सम्बन्धी कार्यविधि अन्तर्गतको प्रस्तुत विषयवस्तु रहे भएको अवस्था देखिँदैन ।

अतः माथि उल्लेखित तथ्य कानून फाईलसंलग्न कागजातको अध्यन गरी जाँचबुझ गरी हेर्दा नेपाली काँग्रेसको मिति २०८२।१०।१ गतेको पत्रबाट संवत् २०८२ पौष २७ देखि ३० सम्म भएको केन्द्रीय विशेष महाधिवेशनबाट दलको विवरण हेरफेर गरी अद्यावधिक गर्नको लागि विशेष केन्द्रीय महाधिवेशनबाट निर्वाचित भएको देहाय बमोजिमका १३५ सदस्यीय केन्द्रीय कार्यसमितिको विवरण राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ नियम २५ बमोजिम अद्यावधिक गर्ने र निर्णयको जानकारी सम्बन्धित दललाई दिने।

| क्र.सं. | साविकको केन्द्रीय कार्यसमितिको विवरण | विशेष केन्द्रीय महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय कार्य समितिको विवरण |
|---|---|---|
| १ | श्री शेरबहादुर देउवा, सभापति | श्री गगनकुमार थापा, सभापति |
| २ | श्री पूर्णबहादुर खड्का, उपसभापति | श्री विश्वप्रकाश शर्मा, उपसभापति |
| ३ | श्री धनराज गुरूङ, उपसभापति | श्री पुष्पा भुषाल, उपसभापति |
| ४ | श्री गगनकुमार थापा, महामन्त्री | श्री प्रदीप पौडेल, महामन्त्री |
| ५ | श्री विश्वप्रकाश शर्मा, महामन्त्री | श्री गुरूराज घिमिरे, महामन्त्री |
| ६ | श्री फरमुल्लाह मंसुर, सहमहामन्त्री | श्री फरमुल्लाह मंसुर, सहमहामन्त्री |
| ७ | श्री उमाकान्त चौधरी, सहमहामन्त्री | डा. ढिला संग्रौला पन्त, सहमहामन्त्री |
| ८ | श्री महालक्ष्मी उपाध्याय 'ढिना सहमहामन्त्री | श्री बहादुर सिंह लामा, सहमहामन्त्री |
| ९ | श्री भीष्मराज आङ्दम्वे, सहमहामन्त्री | श्री मुक्ता कुमारी यादव, सहमहामन्त्री |
| १० | श्री महेन्द्र यादव, सहमहामन्त्री | श्री उदय शम्शेर राणा, सहमहामन्त्री |
| ११ | श्री किशोरसिंह राठौर,सहमहामन्त्री | श्री कर्ण बहादुर बुढा, सहमहामन्त्री |
| १२ | श्री बद्रीप्रसाद पाण्डे, सहमहामन्त्री | श्री योगेन्द्र चौधरी, सहमहामन्त्री |

निर्वाचन आयोग
नेपाल
२०२३

| | | |
|---|---|---|
| १३ | श्री जीवन परियार, सहमहामन्त्री | श्री प्रकाश रसाईली स्नेही, सहमहामन्त्री |
| १४ | श्री उमेश श्रेष्ठ, कोषाध्यक्ष | - |
| १५ | श्री गोपालमान श्रेष्ठ, केन्द्रीय सदस्य | श्री गोपालमान श्रेष्ठ, केन्द्रीय सदस्य |
| १६ | श्री प्रकाशमान सिंह | श्री ओमकार प्रसाद श्रेष्ठ |
| १७ | श्री विमलेन्द्र निधि | श्री अर्जुन नरसिंह के.सी. |
| १८ | श्री विजयकुमार गच्छदार | श्री अर्जुनप्रसाद जोशी |
| १९ | श्री कृष्णप्रसाद सिटौला | श्री चिनकाजी श्रेष्ठ |
| २० | डा. शशांक कोइराला | श्री सुरेन्द्रप्रसाद चौधरी |
| २१ | श्री चित्रलेखा यादव | श्री अमृत अर्याल |
| २२ | डा. रामशरण महत | श्री सुधिर सिवाकोटी |
| २३ | श्री अर्जुननरसिंह के.सी. | डा. गोपाल दहित |
| २४ | डा. प्रकाशशरण महत | श्री ध्रुव वाग्ले |
| २५ | श्री सुनिलबहादुर थापा | श्री तारामान गुरुङ्ग |
| २६ | डा. शेखर कोइराला | श्री राजेन्द्र कुमार के.सी. |
| २७ | श्री बलबहादुर के.सी. | श्री मधु आचार्य |
| २८ | श्री बालकृष्ण खाँण | श्री अब्दुल रज्जाक गद्दी |
| २९ | श्री ज्ञानेन्द्रबहादुर कार्की | श्री अब्दुल सत्तार |
| ३० | श्री रमेश रिजाल | श्री मैकुलाल बाल्मिकी |
| ३१ | डा. नारायण खड्का | श्री चम्पादेवी खड्का |
| ३२ | डा. मिनेन्द्र रिजाल | श्री मोहनप्रसाद आचार्य |
| ३३ | श्री उमा रेग्मी | श्री प्रतिमा गौतम |
| ३४ | श्री जीपछिरिङ लामा | श्री जानकी सिंह |
| ३५ | श्री मानबहादुर विश्वकर्मा | श्री नानू वास्तोला |
| ३६ | श्री सुजाता कोइराला | श्री अजयबाबु शिवाकोटी |
| ३७ | श्री पद्मनारायण चौधरी | श्री विनोदकुमार चौधरी |
| ३८ | श्री दिलेन्द्रप्रसाद बडू | श्री धना खतिवडा |
| ३९ | श्री एन.पी. साउद | श्री भरतकुमार शाह |
| ४० | श्री अर्जुनप्रसाद जोशी | श्री बसन्त बहादुर भट्टराई |
| ४१ | श्री जीवनबहादुर शाही | श्री देवराज चालिसे |
| ४२ | श्री आनन्दप्रसाद ढुंगाना | श्री उज्वल बराल |
| ४३ | श्री कृष्णचन्द्र नेपाली पोखरेल | श्री विदुर बस्नेत |
| ४४ | श्री दिपक गिरी | श्री भरत बहादुर खड्का |
| ४५ | डा. चन्द्रकान्त भण्डारी | श्री हिमालय कर्माचार्य |

निर्वाचन आयोग नेपाल २०२३

| | | |
|---|---|---|
| ४६ | श्री अजयकुमार चौरसिया | श्री अग्नी पौडेल |
| ४७ | सुश्री अम्बिका बस्नेत | श्री रमेश धमला |
| ४८ | श्री पुष्पा भुसाल | श्री कृष्ण बहादुर केसी |
| ४९ | श्री सुरेन्द्रराज पाण्डे | श्री जितनारायण श्रेष्ठ |
| ५० | श्री शंकर भण्डारी | श्री दिक्पालकुमार शाही |
| ५१ | श्री मीनबहादुर विश्वकर्मा | श्री नरेन्द्रकुमार केरुङ |
| ५२ | श्री ईश्वरी न्यौपाने | श्री दिपन कुमार श्रेष्ठ |
| ५३ | श्री सीता गुरुङ्ग | श्री लिलादेवी बोखिम लिम्बु |
| ५४ | श्री मिनाक्षी झा | श्री सुवासकुमार पोखरेल |
| ५५ | श्री सुजाता परियार | श्री प्रदीप शर्मा |
| ५६ | श्री गोविन्द भट्टराई | श्री कुशुमदेवी थापा मगर |
| ५७ | श्री श्यामकुमार घिमिरे | श्री सपना राजभण्डारी |
| ५८ | श्री प्रदीप पौडेल | श्री मनकुमारी गुरुङ |
| ५९ | श्री कल्याणकुमार गुरुङ्ग | श्री सुरेश कुमार योङ्ग्या |
| ६० | श्री चिनकाजी श्रेष्ठ | श्री जगतप्रसाद जोशी |
| ६१ | श्री मोहनबहादुर बस्नेत | श्री शम्भु बहादुर बुढाथोकी |
| ६२ | श्री देवेन्द्रराज कँडेल | श्री तिलक रानाभाट |
| ६३ | डा. डिला संग्रौला | श्री राजेन्द गोपाल सिंह |
| ६४ | श्री रमेश लेखक | श्री देवप्रसाद तिमिल्सिना |
| ६५ | श्री किरण यादव | श्री प्रेम बहादुर खड्का |
| ६६ | सुश्री सरिता प्रसाई | श्री जयराम लामिछाने |
| ६७ | श्री बहादुर सिंह (लामा) तामाङ | डा. केदारनरसिंह के.सी |
| ६८ | श्री लक्ष्मी परियार | श्री प्रमोदहरी गुरागाई |
| ६९ | श्री ध्यानगोविन्द रञ्जित | श्री तिर्थजंग शाही |
| ७० | श्री अमृत अर्याल | श्री धर्मराज गौतम |
| ७१ | श्री शिवप्रसाद हुमागाँई | श्री बजरङ्ग नेपाली |
| ७२ | श्री शिला शर्मा खड्का | श्री टेकराज पौडेल |
| ७३ | श्री कर्णबहादुर वुढा | श्री चिनी पोखेल |
| ७४ | श्री रामजनम चौधरी | श्री सन्तोषी साउद ऐरी |
| ७५ | डा. गोपाल दहित | श्री गिता सत्याल |
| ७६ | श्री योगेन्द्र चौधरी | श्री दिलकुमारी राई |
| ७७ | श्री कल्पना चौधरी | श्री शारद देवी कोइराला |

| | | |
|---|---|---|
| ७८ | श्री यज्ञराज जोशी | श्री रामानन्द यादव |
| ७९ | श्री किरणराज शर्मा पौडेल | श्री उमा दाहाल |
| ८० | श्री रमा कोइराला (पौडेल) | श्री विष्णुदेवी पाण्डे |
| ८१ | श्री कृष्णकिशोर घिमिरे | श्री रेशम बानियाँ |
| ८२ | श्री ध्रुव वाग्ले | श्री पवित्राकुमारी अर्याल |
| ८३ | श्री टेकप्रसाद गुरुङ्ग | श्री केशव आचार्य |
| ८४ | श्री महेन्द्रकुमार राय | श्री रामबहादुर कार्की |
| ८५ | श्री गेहेन्द्र गिरी | श्री रामादेवी खड्का |
| ८६ | श्री नारायणबहादुर कार्की | श्री नारायण भट्टराई |
| ८७ | श्री सञ्जयकुमार गौतम | श्री निपा चोख्याल |
| ८८ | श्री तारामान गुरुङ | श्री हिम बहादुर रावल |
| ८९ | श्री आङ्गेलु शेर्पा | श्री प्रकाश पन्थ |
| ९० | श्री मधु आचार्य | श्री शिवनारायाण सिंगनगाई |
| ९१ | श्री दिनेशकुमार यादव | श्री सिता मिजार |
| ९२ | श्री मदनबहादुर अमात्य | श्री छायाँ सुनार |
| ९३ | श्री राजीव कोइराला | श्री गंगा सुनार |
| ९४ | श्री अब्दुल रज्जाक | श्री लिला नेपाली |
| ९५ | श्री टेकबहादुर गुरुङ | श्री शिव बहादुर सुनार |
| ९६ | श्री प्रदीपकुमार सुनुवार | श्री धर्म बहादुर दर्जी (नेपाली) |
| ९७ | श्री चन्द्रबहादुर के.सी. | श्री सुर्य बि.क. |
| ९८ | श्री मानबहादुर नेपाली | श्री दिनेश सुनार |
| ९९ | डा. आरजु राणा देउवा | श्री प्रमिला कुमारी राई |
| १०० | श्री उमेशजंग रायमाझी | डा. अमिता प्रधान |
| १०१ | श्री अब्दुल सत्तार | श्री छीन्दुल्होमु शेर्पा |
| १०२ | श्री उदयशम्शेर राणा | श्री अस्टकुमार कबे |
| १०३ | श्री जीतजंग बस्नेत | श्री छन्द बहादुर पहराइ मगर |
| १०४ | श्री नैनसिंह महर | श्री नगेन्द्र कुमाल |
| १०५ | श्री राजीव ढुंगाना | श्री शम्भुलाल श्रेष्ठ |
| १०६ | श्री गोविन्दबहादुर शाह | श्री भीम श्रीस |
| १०७ | श्री राजेन्द्रकुमार के.सी. | श्री उमा सिवाकोटी |
| १०८ | डा. रणबहादुर रावल | श्री बाला अधिकारी |
| १०९ | श्री अर्जुनजंगबहादुर सिंह | श्री पुष्पा भुसाल |
| ११० | श्री दिलमान पाखिन | श्री इन्दिरा कार्की |

| | | |
|---|---|---|
| १४४ | श्री उर्मिला नेपाल के.सी. | |
| १४५ | श्री सुशीला थिङ | |
| १४६ | श्री माया राई | |
| १४७ | श्री सीताकुमारी राना | |
| १४८ | श्री सुशीला ढकाल (आचार्य) | |
| १४९ | श्री गणेश लामा | |
| १५० | श्री रूपा वि.क. | |
| १५१ | श्री विद्यादेवी तिमिल्सीना | |
| १५२ | श्री शान्ति परियार वि.क. | |
| १५३ | श्री जीवन राना | |
| १५४ | श्री भरतकुमार शाह | |
| १५५ | श्री राधा घले | |
| १५६ | श्री रुक्मिणी कोइराला | |
| १५७ | श्री धना खतिवडा | |
| १५८ | श्री सीता थपलिया (उर्मिला) | |
| १५९ | श्री कल्याणी रिजाल | |
| १६० | श्री गोमाकुमारी भट्टराई | |
| १६१ | श्री लक्ष्मी खतिवडा | |
| १६२ | श्री गंगा शाही | |
| १६३ | श्री सितादेवी देवकोटा | |
| १६४ | श्री शारदा पौडेल | |
| १६५ | श्री अनिलकुमार रुंगटा | |

निर्वाचन आयोग नेपाल २०२३

द.............................
(सगुन समशेर ज.ब.रा.)
निर्वाचन आयुक्त

द.............................
(डा. जानकी कुमारी तुलाधर)
निर्वाचन आयुक्त

द.............................
(राम प्रसाद भण्डारी)
निर्वाचन आयुक्त

| | | |
|---|---|---|
| १४४ | श्री उर्मिला नेपाल के.सी. | |
| १४५ | श्री सुशीला थिङ | |
| १४६ | श्री माया राई | |
| १४७ | श्री सीताकुमारी राना | |
| १४८ | श्री सुशीला ढकाल (आचार्य) | |
| १४९ | श्री गणेश लामा | |
| १५० | श्री रूपा वि.क. | |
| १५१ | श्री विद्यादेवी तिमिल्सीना | |
| १५२ | श्री शान्ति परियार वि.क. | |
| १५३ | श्री जीवन राना | |
| १५४ | श्री भरतकुमार शाह | |
| १५५ | श्री राधा घले | |
| १५६ | श्री रुक्मिणी कोइराला | |
| १५७ | श्री धना खतिवडा | |
| १५८ | श्री सीता थपलिया (उर्मिला) | |
| १५९ | श्री कल्याणी रिजाल | |
| १६० | श्री गोमाकुमारी भट्टराई | |
| १६१ | श्री लक्ष्मी खतिवडा | |
| १६२ | श्री गंगा शाही | |
| १६३ | श्री सितादेवी देवकोटा | |
| १६४ | श्री शारदा पौडेल | |
| १६५ | श्री अनिलकुमार रुंगटा | |

निर्वाचन आयोग नेपाल २०२३

द.............................
(सगुन समशेर ज.ब.रा.)
निर्वाचन आयुक्त

द.............................
(डा. जानकी कुमारी तुलाधर)
निर्वाचन आयुक्त

द.............................
(राम प्रसाद भण्डारी)
निर्वाचन आयुक्त

निर्वाचन आयोग
नेपाल
२०२३

यो निर्णय संविधान, प्रचलित कानून, आयोगको अभ्यास र न्याय सम्भव नभएको हुँदा निर्णयमा मेरो असहमती छ।

द..............................

(डा. जानकी कुमारी तुलाधर)

निर्वाचन आयुक्त